**शहिद लखन गाउँपालिकाद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

खण्डः ४ | संख्याः ३ | मितिः २०७७ साल मंसिर महिला १७ गते

**भाग-२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## सम्बत् २०७७ को कार्यविधि नं. - ३

## शहिद लखन गाउँपालिकाशहिद लखन गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७

प्रमाणिकरण मितिः २०७७।०८।१७

**प्रस्तावनाः** शहिद लखन गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस गाउँपालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरवन्दिको अधिनमा रही प्राविधिक कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि शहिद लखन गाउँपालिका, गाँउ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम “शहिद लखन गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि(पहिलो संशोधन), २०७७” रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले पारित गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख. "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

ग. "कार्यविधि" भन्नाले शहिद लखन गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि(पहिलो संशोधन), २०७७ सम्झनु पर्दछ ।

घ. "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ङ. "प्राविधिक कर्मचारी" भन्नाले दफा ३(२) बमोजिम प्राविधिक सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचारी सम्झनु पर्दछ ।

च. "समिति" भन्नाले दफा ५ बमोजिम गठित अन्तवार्ता तथा सूचीकरण समिति सम्झनु पर्दछ ।

३. कार्यविधि लागु हुने क्षेत्र र सेवा: (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) तथा स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्थाको दफा १५(४) बमोजिम प्राविधिक कर्मचारी करारमा राख्ने प्रयोजनको लागि यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

(२) कार्यालयले देहायको सेवासँग सम्बन्धित प्राविधिक कर्मचारी यस कार्यविधि बमोजिम अवधि तोकी करारमा राख्न सक्नेछ :

(क) इन्जिनियरिङ्ग सेवासँग सम्बन्धित

(ख) कृषि सेवासँग सम्बन्धित

(ग) पशु सेवासँग सम्बन्धित

(घ) वन सेवासँग सम्बन्धित

(ङ) स्वास्थ्य सेवासँग सम्बन्धित

(छ) अन्य कुनै प्राविधिक सेवासँग सम्बन्धित ।

४. छनौट सम्बन्धी व्यवस्था : दफा ३ बमोजिमका प्राविधिक कर्मचारी कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सूचीकरण तथा छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(१) प्राविधिक कर्मचारीको अनुसूची - १ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचनापाटी, वेभसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची - २ बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) आवेदन फारामको नमुना अनुसूची - ३ बमोजिम हुनेछ। आवेदन दस्तुर गाउँपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा ५ को समितिले मूल्याङ्कन गरी सूचिकृत गर्नुपर्नेछ :

क. शैक्षिक योग्यता वापत - ३० (तिस) अंक, (विशिष्ट श्रेणी वापत ३०, प्रथम श्रेणी वापत २५, द्धितीय श्रेणी वापत २०, तृतीय श्रेणी वापत १५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा हुनेछ। लब्धाङ्क पत्रमा डिभिजन उल्लेख नभएको हकमा दोस्रो डिभिजन बराबरको मानिनेछ ।) ।[१]

ख. कार्य अनुभव वापत - ५ (पाँच) अंक (प्रति वर्ष १ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने) ।[२]

ग. स्थानीय बासिन्दालाई देहाय बमोजिम - ५ (पाँच) अंक ।[३]

१. सम्बन्धित गाउँपालिकाको बासिन्दा भएमा - ५ अंक

२. सम्बन्धित जिल्लाको बासिन्दा भएमा - २ अंक

घ. अन्तवार्तामा अधिकतम १० अंक । यस अनुसार अकं प्रदान गर्दा न्यूनतम ४ (चार) र अधिकतम ७ (सात) को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ । [४]

ङ. लिखित परीक्षा - ५० अंक (लोक सेवा आयोगको सम्बन्धित पद वा तहको पाठ्यक्रम अनुसार, लोक सेवा आयोगमा सो पदका लागि पाठ्यक्रम नभएमा अन्तर्वार्ता र सूचीकरण समितिले निर्धारण गरे बमोजिम हुनेछ। लिखित परीक्षामा ४०% भन्दा कम अंक ल्याउने उम्मेदवारहरुलाई अन्तर्वार्तामा समावेश गरिने छैन) । [५]

---

[१] मिति २०७७।०८।१७ गतेको कार्यपालिका बैठकबाट संशोधित
[२] मिति २०७७।०८।१७ गतेको कार्यपालिका बैठकबाट संशोधित
[३] मिति २०७७।०८।१७ गतेको कार्यपालिका बैठकबाट संशोधित
[४] मिति २०७७।०८।१७ गतेको कार्यपालिका बैठकबाट संशोधित
[५] मिति २०७७।०८।१७ गतेको कार्यपालिका बैठकबाट थप गरीएको

(४) उपदफा (१) बमोजिम आवेदन माग गर्दा प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) प्राप्त गरेका व्यक्तिले मात्र आवेदन दिन सक्नेछन् ।

५. अन्तर्वार्ता र सूचीकरण समितिः माग पद संख्याका आधारमा कार्यविधिको दफा (४) को उपदफा (३) बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेदवारलाई प्रारम्भिक छनौट गर्न र अन्तर्वार्ता समेत लिई सूचीकरणको सिफारिस गर्न देहायको अन्तरवार्ता तथा सूचीकरण समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) गाउँपालिकाको अध्यक्षले तोकेको विषय विज्ञको रुपमा सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी - सदस्य

(ग) गाउँपालिकाको विषयगत शाखा प्रमुख - सदस्य

६. सूचीकरणको विवरण प्रकाशन गर्ने : (१) दफा ४ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु दफा ५ बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेदवारहरुको रोल नम्बर, नाम थर, ठेगाना, काम गर्न तोकिएको शाखा आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार सूचीकरणको विवरण प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचीकरण प्रकाशन गर्दा पद संख्या भन्दा दोव्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ र सिफारिश भएका उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ ।

तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सूचीकरण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नुपर्नेछ ।

७. करार गर्नेः (१) कार्यालयले सूचीकृत गरेका मुख्य उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सूचीकृत उम्मेदवारसँग कार्यालयले अनुसूची - १ बमोजिमको कार्य-विवरण सहित अनुसूची - ४ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची - ५ बमोजिको पत्र कार्यालयले प्राविधिक कर्मचारीलाई दिनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम कार्यालयले कार्यविवरण दिँदा विषयगत शाखा समेत तोकी काममा लगाउनु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यत आर्थिक वर्षको श्रावण १ (एक) देखि अर्को वर्षको असारसम्मका लागि मात्र करार गर्नु पर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्यप्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधि हेरी करारको अवधि घटाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्यक्तिलाई पुनः अर्को वर्षको लागि सेवा करारमा लिनु परेमा पुनः परीक्षण, छनौट र शुरू करार सरह मानी सम्झौता गरिनेछ ।

(७) प्राविधिक कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडि कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिइने छैन ।

(८) यस दफा विपरितको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए भन्दा बढी रकम भुक्तानी दिएमा त्यसरी अवधि उल्लेख गर्ने वा रकम भुक्तानी गर्ने कर्मचारीको तलव भत्ताबाट कट्टा गरी असुल उपर गरिनेछ र विभागीय कारवाही समेत गरिनेछ ।

८. कार्य शर्त, पारिश्रमिक र अवधि : (१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका प्राविधिक कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा नबढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । स्थानीय भत्ता पाउने स्थानमा नेपाल सरकारको दर रेट बमोजिम करारमा उल्लेख भए अनुसार स्थानीय भत्ता उपलब्ध गराउन सकिनेछ ।

(२) कार्यालयले कार्य-विवरणमा उल्लेख भए बमोजिम प्रगतिको स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भत्ता, फिल्ड भत्ता वा पोषाक भत्ता उपलब्ध गराउन सक्नेछ ।

तर करार सम्झौतामा उल्लेख नगरिएको भ्रमण भत्ता, फिल्ड भत्ता वा अन्य भत्ता उपलब्ध गराउन सकिने छैन् ।

(३) कार्यालयले करारका प्राविधिक कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण (Time Sheet) सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित विषयगत शाखाको सिफारिसको आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि कुनै पनि दाबी गर्न पाउँने छैन ।

(५) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ। तर त्यस्तो करारको अवधि एक पटकमा १ (एक) वर्ष भन्दा बढी हुने छैन ।

९. करार समाप्तिः (१) यस कार्यविधि बमोजिम करार गरिएको पद वा दरबन्दिमा नेपालको संविधान बमोजिम कर्मचारी समायोजन भई खटिई आएमा त्यस्तो व्यक्तिको करार स्वतः अन्त्य हुनेछ ।

(२) करार सम्झौता गरिएको प्राविधिक कर्मचारीको कार्य सन्तोषजनक नभएको भनी कार्यरत विषयगत शाखा वा कार्यालयले सिफारिश गरेमा अध्यक्षले आवश्यक छानविन गर्न लगाई सफाइको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ ।

१०. विविधः यस कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

# अनुसूची - १
## (बुँदा ४.१ सँग सम्बन्धित कार्यविवरणको ढाँचा)

## शहिद लखन गाउँपालिका

## गाउँ कार्यपालिकको कार्यालय

## घैरुङ्ग, गोरखा

कार्य विवरणको नमुनाः

प्राविधिक कर्मचारीको पद नामः काम गर्नुपर्ने स्थानः

प्राविधिक कर्मचारीको नामः

सुपरिवेक्षकः प्रतिवेदन पेश गर्नुपर्ने अधिकारीः

कार्य विवरणः

१.

२.

३.

४.

५.

६.

७.

अनुसूची - २

(बुँदा ४.१सँग सम्बन्धित आवेदनको ढाँचा)

**शहिद लखन गाउँपालिका**

**गाउँ कार्यपालिकको कार्यालय**

**घैरुङ्ग, गोरखा**

**करारमा सेवा लिने सम्बन्धी सूचना**

**(सुचना प्रकाशित मिति : २०७ / / )**

.........गाउँपालिकाको लागि ..............................(विषयगत शाखा) मा रहने गरी ........................................................(पद) को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.shahidlakhanmun.gov.np बाट उपलब्ध हुनेछ ।

| पद नाम | संख्या |
|---|---|
| | |

**२. शैक्षिक योग्यता र अनुभव (नमुना) :**

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता (जस्तैः नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालयवाट Civil Engineering मा स्नातक (BE) र कुनै सम्बद्ध विषयमा विषयमा स्नातकोत्तर गरेको ।

३. अनुभवको हकमा BE उतीर्ण गरी सम्बद्ध कार्यमा कम्तीमा ...... वर्षको कार्य अनुभव भएको ।

४. १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने । महिलाको हकमा ४० वर्ष ननाघेको ।

५. नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको (प्रमाणपत्र) ।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

३. दरखास्तमा संलग्न गर्नुपर्नेः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

**शहिद लखन गाउँपालिका**

**गाउँ कार्यपालिकको कार्यालय**

**घैरुङ्ग, गोरखा**

**गण्डकी प्रदेश, नेपाल**

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फारममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

## सेवा करारका लागि दरखास्त फाराम

**क) उम्मेदवारले दरखास्त फारम भरेको पद सम्बन्धी विवरणः**

| | | | | | |
|---|---|---|---|---|---|
| पदः | | विज्ञापन नं. | | सेवाः | |
| तहः | | समुह/उपसमुहः | | | |

**ख) वैयक्तिक विवरण**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उम्मेदवारको | नाम थर | (देवनागरीमा) | | | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | | लिङ्गः | |
| | नागरिकता नंः | | जारी गर्ने जिल्ला : | | जारी मिति : | |
| स्थायी ठेगाना | क) जिल्ला | | ख) न.पा./गा.पा.. | | ग) वडा नं | |
| | घ) टोल : | | ङ) मार्ग/घर नं. : | | च) फोन नं. | |
| पत्राचार गर्ने ठेगाना : | | | | ईमेल : | | |
| जन्म मिति : | (वि.सं.मा) | | (ईस्वि संवतमा) | हालको उमेर : वर्ष महिना | | |
| बाबुको नाम, थर : | | | बाजेको नाम, थर : | | | |

**ग) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)**

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |
| तालिम | | | | | |

**घ) अनुभव सम्बन्धी विवरण**

| कार्यालय | पद | सेवा/समूह/उप समूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तीमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मितिः |
| कार्यालयले भर्नेः | | |
| रसिद/भौचर नं. : | | रोल नं. : |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मिति : | | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखतः<br>मिति : |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि, (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स)को प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

# शहिद लखन गाउँपालिका, गोरखा
## प्रवेशपत्र

पासपोर्ट साईजको फोटो

| परीक्षर्थीले भर्ने: | |
|---|---|
| नाम, थर: | |
| विज्ञापन नं: | |
| पद: | |
| तह: | |
| उम्मेदवारको दस्तखत नमुना | |

गाउँ कार्यपालिकाको कार्यालयले भर्ने:
यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिएको छ।
विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ।

| परीक्षा केन्द्र: | रोल नं.: |
|---|---|

........................................ ........................................
(अधिकृतको दस्तखत) (कार्यालयको छाप)

===============================================================

# शहिद लखन गाउँपालिका, गोरखा
## प्रवेशपत्र

पासपोर्ट साईजको फोटो

| परीक्षर्थीले भर्ने: | |
|---|---|
| नाम, थर: | |
| विज्ञापन नं: | |
| पद: | |
| तह: | |
| उम्मेदवारको दस्तखत नमुना | |

गाउँ कार्यपालिकाको कार्यालयले भर्ने:
यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिएको छ।
विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ।

| परीक्षा केन्द्र: | रोल नं.: |
|---|---|

........................................ ........................................
(अधिकृतको दस्तखत) (कार्यालयको छाप)

अनुसूची - ४

(बुँदा ७.१ सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

करार सम्झौता

शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र .................... जिल्ला, ............................... पालिका, वडा नं. ..... बस्ने श्री ............................................................. (यसपछि दोश्रो पक्ष भनिएको) का बीच शहिद लखन गाउँपालिकाको ..................................................(इन्जिनियर) को कामकाज गर्न गराउन मिति २०७ /......./...... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझी लियौं दियौं :

१. कामकाज सम्बन्धमा : दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. काम गर्नु पर्ने स्थानः ..............................................................................।

३. करारमा काम गरे बापत पाँउने पारिश्रमिक : प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. ................... (अक्षरेपी रु. ..................................................................पारिश्रमिक उपलब्ध गराउनेछ ।

४. आचरणको पालनाः दोश्रो पक्षले शहिद लखन गाउँपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. विदाः दोस्रो पक्षलाई सार्बजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम लगाए बापत मासिक करार रकमको दामासाहीले रकम दोश्रो पक्षलाई दिइनेछ ।

६. कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. गोप्यता: दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराइनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. करार अवधि: यो करार २०७... ।........।..........देखि लागु भई २०७.....।....।...... सम्मको लागि हुनेछ ।

९. कार्यसम्पादन मूल्यांकन: पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य: दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वत: यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्ने छैन ।

११. दावी नपुग्ने: दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन/गर्ने छैन ।

१२. प्रचलित कानून लागु हुने: यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| गाउँपालिकाको तर्फबाट : | दोस्रो पक्ष (करार गर्ने व्यक्ति): |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | ठेगाना : |
| कार्यालयको छाप: | |

अनुसूची - ५

(बुँदा ७.२ सँग सम्बन्धित करार सूचना पत्रको ढाँचा)

**शहिद लखन गाउँपालिका**

**गाउँ कार्यपालिकको कार्यालय**

**घैरुङ्ग, गोरखा**

च.नं. मिति:

प.सं.

श्री ......................................,

ठेगाना ........................

**विषय: करार सम्बन्धमा ।**

तपाईलाई मिति २०७...।....।... निर्णयानुसार सूचीकरण गरिए बमोजिम ........................... (पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०७....।....।... देखि २०७....।.....।.... सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफनो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस गाउँपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ ।

.....................

बोधार्थ: प्रमुख प्रशासकीय अधिकृत

श्री आर्थिक प्रशासन शाखा: प्रमाणित हाजिर/Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनुहुन ।

श्री प्रशासन शाखा: हाजिरीको व्यवस्था हुन ।

श्री वडा कार्यालय, .................................. ।

खण्डः ४ संख्याः ३ मितिः २०७७।०८।१७ गते

भाग-२

# सम्बत् २०७७ को कार्यविधि नं. - ४

## शहिद लखन गाउँपालिकाको समपुरक कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७

प्रमाणिकरण मितिः २०७७।०८।१७

**प्रस्तावनाः** विगत केही वर्षदेखि नेपालले पनि निजी सरकारी साझेदारी, (Private Public Partnership) समुदाय र सामुदायिक संघ संस्थासँगको साझेदारीमा परियोजना निमार्ण जस्ता अवधारणहरुको अवलम्वन गरेको अवश्थामा यस शहिद लखन गाउँपालिकाले पनि स्थानीय स्तरमा रहेका संघ, संस्था र समुदायको साझेदारीमा आयोजना तथा कार्यक्रम छनोट, स्रोतको व्यवस्थापन र कार्यान्वयनलाई सहभागितामुलक, सामाजिक न्यायमा आधारित र अधिकतम अपनत्व कायम गर्दै महत्वपूर्ण आयोजना र कार्यक्रमको कार्यान्वयन र सञ्चालन गरी उच्च र दीगो प्रतिफल हासिल गर्ने हेतुले समपुरक कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ तयार गरी यस शहिद लखन गाउँपालिकाले लागु गरेको छ ।

### परिच्छेदः १
### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम समपुरक कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ रहेको **छ ।**

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "कार्यविधि" भन्नाले समपुरक कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ भन्ने बुझ्नुपर्छ ।

ख) "कोष" भन्नाले शहिद लखन गाउँपालिकाको समपुरक कोष भन्ने बुझ्नुपर्छ ।

ग) "आयोजना तथा कार्यक्रम सिफारिस समिति " भन्नाले यस कार्यविधिको दफा ६ बमोजिमको समिति भन्ने बुझ्नुपर्छ ।

ध) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले शहिद लखन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने बुझ्नुपर्छ ।

ङ) "गाउँ कार्यपालिका" भन्नाले शहिद लखन गाउँपालिकाको गाउँ कार्यपालिका भन्ने बुझ्नुपर्छ ।

च) "समपुरक" भन्नाले भौतिक पूर्वाधारको समपुरक भन्ने बुझ्नुपर्छ ।

### परिच्छेदः २
### कोषको उद्देश्य

**३. उद्देश्य :** कोषको उद्देश्यहरु देहाय बमोजिम हुनेछन्:

(१) नीजि साझेदारी (Private Public Partnership) समुदाय र सामुदायिक संघ, संस्थासँगको साझेदारीमा आयोजना तथा कार्यक्रम छनोट, स्रोत व्यवस्थापन र कार्यान्वयन गरी नागरिकको अपनत्व शृजना गर्नु ।

(२) मध्यम लागतका आयोजनाहरुमा गाउँपालिकाको अधिकांश लगानी सुनिश्चित गरी साझेदार निकायबाट आवश्यक आर्थिक तथा प्रविधिक सहयोग हासिल गर्नु ।

(३) गाउँपालिकाको प्राथमिकता भित्र परेको र धेरै लाभ लिन सकिने आयोजनाहरु कार्यान्वयन गर्नु ।

(४) विकासलाई सहभागितामुलक बनाई सामाजिक न्याय प्रवर्द्धन गर्दै विकासका प्रतिफल वितरण र उपभोगमा आम नागरिकको बलियो हिस्सेदारी कायम गर्नु ।

**४. कोषको सञ्चालन र स्थापनाः** समपुरक कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**५. कोषको कार्यालयः** कोषको कार्यालय गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

## परिच्छेदः ३
## कार्यक्रम सञ्चालन, सिफारिस तथा स्विकृती सम्बन्धी व्यवस्था

**६. आयोजना तथा कार्यक्रम सिफारिस समिति सम्बन्धी व्यवस्था**

(१) कोषबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम सिफारिस सम्बन्धी कार्य गर्नको लागि देहाय बमोजिमको सिफारिस समिति रहनेछः

क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख) इन्जिनियर - सदस्य

ग) योजना शाखाको प्रमुख ईन्जिनियर - सदस्य

घ) योजना शाखाको प्रशासन हेर्ने कर्मचारी - सदस्य सचिव

ङ) आवश्यकता अनुसार विषयगत शाखा प्रमुख - सदस्य

(२) उपदफा (१) (ङ) बमोजिमका सदस्यलाई आवश्यकताको आधारमा समितिले आमन्त्रित सदस्यको रुपमा बैठकामा बोलउन सक्नेछ ।

(३) आयोजना तथा कार्यक्रम सिफारिस समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) साझेदारी आयोजना वा कार्यक्रम सम्बन्धि प्रस्ताव पेश भएको बढिमा २१ दिन भित्र सिफारिस समितिले निर्णय गरी गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

**७. आयोजना तथा कार्यक्रमको छनोट तथा स्वीकृति सम्बन्धि व्यवस्था**

(१) आयोजना तथा कार्यक्रम सिफारिस समितिको सिफारिसमा सिफारिस भएर आएका आयोजना तथा कार्यक्रमको छनोट तथा स्वीकृति गाउँकार्यपालिकाले गर्नेछ ।

(२) आयोजना तथा कार्यक्रम सिफारिस समितिले सिफारिस गरेको १ महिना भित्र कार्यपालिकाले निर्णय गरी स्वीकृति प्रदान गर्नुपर्नेछ ।

## परिच्छेदः ४
## कार्यक्रमको क्षेत्र तथा प्राथमिकताको आधारहरु

**८. अनुदान प्रदान गरिने कार्यक्रमको क्षेत्र तथा प्राथमिकताको आधारहरु, लगानीको अनुपात सम्बन्धि व्यवस्था**

(१) यस गाउँपालिकासँग सहलगानीमा कार्यक्रम सञ्चालन गर्न अनुसूची १ बमोजिम प्राप्त भएका प्रस्तावहरु कार्यक्रम तथा आयोजना छनोटका लागि निम्नानुसारका आधारहरु लिईनेछ ।

**क) भौगोलिक आधारहरु**

भौगोलिक विकास, वस्ती तथा बजारीकरणका आधारमा यस गाउँपालिका भित्रका क्षेत्रलाई अनुसूची २ बमोजिम क, ख, ग वर्गमा विभाजन गरिएको छ । कार्यक्रम छनोट तथा गाउँपालिकाले गर्ने साझेदारी रकम निर्धारण गर्दा क्रमशः ग, ख र क वर्गलाई प्राथमिकता क्रमको आधार बनाइनेछ ।

**ख) आयोजना तथा कार्यक्रम सञ्चालनका विषयगत क्षेत्रहरु**

समपुरक कार्यक्रम छनोटको लागि तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमका क्षेत्रहरुलाई तपसिल बमोजिमकै क्रमानुसार प्राथमिकीकरण गरिनेछ ।

१) खानेपानी, स्वास्थ्य पूर्वाधार (गाउँघर क्लिनिक, खोपकेन्द्र), स्वास्थ्य सामग्री खरिद

२) कृषि (सिंचाई पूर्वाधार, संकलन र बिक्री केन्द्र), विद्यालयको भौतिक पूर्वाधार

३) पुरातात्विक, सांस्कृतिक, ऐतिहासिक महत्वको क्षेत्र, पाटिपौवा आदिको मर्मत, संरक्षण तथा पुर्ननिमार्णको कार्य

४) पर्यटन पूर्वाधार (होमस्टे, सिंढी बाटो निमार्ण), ल्याण्ड फिल साइटको निमार्ण, शैक्षिक सामाग्री खरिद

५) खेल मैदान निमार्ण

६) सडक, सामुदायिक भवन निमार्ण, अन्य भौतिक पूर्वाधार

**ग) योजना तथा कार्यक्रम प्राथमिकताका अन्य आधारहरुः**

१) दफा ८ (१) (क) अनुसारको २ बमोजिम भौगोलिक रुपमा वर्गिकरण भएका ग, ख, र क का क्षेत्रमा सञ्चालन हुनेगरी प्रस्तावित आयोजना तथा कार्यक्रमलाई क्रमानुसार प्रदान गरिनेछ ।

२) दफा ८ (१) (ख) बमोजिम उल्लेख भएका विषयगत आयोजना तथा कार्यक्रमको प्राथमिकीकरणको क्रमानुसार सिफारिसको लागि प्राथमिकता प्रदान गरिनेछ ।

३) दर्ता नवीकरण भएका आयोजना तथा कार्यक्रमलाई प्रथामिकता प्रदान गरिनेछ ।

४) विषयगत लाभग्राही तुलनात्मक रुपमा बढि भएको क्षेत्रमा आयोजना तथा कार्यक्रम सञ्चालनका लागि विशेष ग्राह्यता प्रदान गरिनेछ ।

५) अघिल्लो वर्षको कार्यक्रम सफलतापूर्वक कार्यान्वयन भएका अपूरा आयोजना सञ्चालनका लागि विशेष जोड दिईनेछ ।

६) सिमान्तकृत, दलित समुदाय रहेको क्षेत्रको पहुँच र उक्त क्षेत्र बढि लाभान्वित हुने विषयगत क्षेत्रमा आयोजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

७) निर्माणाधिन अधुरा आयोजनालाई सम्पन्न गर्ने गरी लगानी सुनिश्चितता प्रदान गरिनेछ ।

८) हाल सम्म बजेटले नसमेटेका क्षेत्रमा आयोजना तथा कार्यक्रम कायान्वयनमा जोड दिईनेछ ।

**(२) लगानीको अनुपात**

क) लागत साझेदारीमा सञ्चालन गरिने कार्यक्रमका विकास साझेदार संस्था र समुदायको लगानी अनुसूची ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

ख) गाउँपालिकाले निर्धारित आयोजना र कार्यक्रमको लगि छुट्याएको बजेट अंशको अनुपातमा क, ख, ग र ग वर्गका क्षेत्रहरुले गर्नुपर्ने लगानी अनुसूची ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

**(३) साझेदारीको लागि माग, सिफारिस र स्वीकृतिको समय सीमा**

क) कार्तिक १५ भित्र गाउँपालिकाले ३० दिने सूचना प्रकाशित गर्नेछ । चालु आ.व मा भने पौष मसान्तसम्ममा सूचना प्रकाशन गर्न सकिनेछ ।

ख) प्रस्तावको नमुना, मूल्याङ्कन, कार्यसम्पन्न ढाँचा यसै कार्यविधिको अनुसूची १ बमोजिम हुनेछ ।

ग) प्रस्ताव पेश गर्दा इस्टिमेट, ड्रइङ, डिजाइन, साझेदार समिति, संस्थाका निर्णय समेत पेश गर्नुपर्नेछ ।

## परिच्छेदः ४
## आर्थिक तथा प्रशासनिक व्यवस्था

**९. कोषको वित्तिय व्यवस्थापन**

**(१) कोषमा दाखिला गरिने रकम**

क) यस शहिद लखन गाउँपालिकाको समपुरक कोषबाट एक आर्थिक वर्षमा कुनै एक आयोजना वा कार्यक्रमको लागि वार्षिक रुपमा अधिकतम रु. १० लाख सम्मको लगानी गर्नेछ ।

ख) गाउँपालिकासँग साझेदार गर्ने निकाय तथा संघ संस्थाले साझेदार रकम गाउँपालिकाको समपुरक कोषमा जम्मा गर्नुपर्नेछ ।

**(२) कोषमा देहायका रकम रहनेछन्:**

क) गाउँसभा बाट वार्षिक रुपमा समपुरक कोषको लागि विनियोजित रकम,

ख) गाउँपालिकासँग साझेदारी गर्ने निकायबाट प्राप्त हुने साझेदारी रकम,

ग) कोषलाई अन्य विभिन्न स्रोतबाट प्राप्त हुने रकम,

**(३) कोषको रकम नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजत प्राप्त कुनैपनि बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ । कोषको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।**

**(४) कोषको लेखा परीक्षण निर्धारित कानून बमोजिम हुनेछ ।**

**१०. कोषको आर्थिक व्यवस्था:** कोषको आर्थिक व्यवस्था यस कार्यविधिमा तोकिएबमोजिम र अन्य कुराको हकमा स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

**११. बर्जित गरिएको बारे:** कोषमा जुन प्रयोजनको लागि रकम प्राप्त भएको हो सो प्रयोजन बाहेक अन्य कार्यमा रकम खर्च गर्न बर्जित गरिएको छ । दफा ११ जुन सुकै कुरा लेखिएको भएतापनि कोषमा विनियोजित रकम कार्यपालिकाको निर्णय अनुसार गाउँ सभाबाट अन्य शीर्षकमा रकमान्तर गर्न सकिनेछ ।

**१२. प्रशासनिक व्यवस्था:** कोषको प्रशासनिक तथा आर्थिक कारोबार गाउँ कार्यपालिकाको कर्मचारीबाट सञ्चालन गरिनेछ ।

**१३. कार्यक्रम सञ्चालन सम्बन्धि खर्च व्यवस्था:**

(१) कोषबाट सञ्चालन हुने कार्यक्रमहरु कोषले आफै वा उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिनेछ ।

(२) कोषले आफ्नो कार्यक्रम गैरसरकारी संघ संस्थाहरुको प्रविधिक सहयोगबाट संचालन गराउन सक्नेछ ।

१४. **समपुरक कोषसम्बन्धि कार्यहरुको सञ्चालन सम्बन्धि व्यवस्थाः** गाउँपालिकाका कुनै पनि वडामा समपुरक कोष सञ्चालन सम्बन्धि कार्यहरुका लागि आवश्यक आईपरेको अवश्थामा देहायबमोजिमको व्यवस्थापन गरिनेछः
(१) धेरै लगानी भएतापनि अधिक लाभ पुग्ने पूर्वाधारहरुको पहिचान गर्ने,
(२) साझेदारीको अवधारणामा कार्य गर्न इच्छिुक संघ, संस्था तथा निकायहरुको खोजि गरी गाउँपालिका भित्रका आयोजनाहरुमा लगानीको लागि प्रेरित गर्ने ।

## परिच्छेद - ५
## विविध

१५. **जाँच तथा फरफारक :** कोषबाट सञ्चालन गरिने कार्यक्रमको जाँचपास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।
१६. **गाउँपालिका विकास योजना समावेश गर्ने :** कोषबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु गाउँपालिकाको विकास योजनामा समावेश गर्नुपर्ने ।
१७. **कार्यविधिको संशोधन :** यस कार्यविधिको संशोधन गर्न आवश्यक देखिएमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।
१८. **बचाउ र खारे**जी :
(१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन - २०७५ स्थानीय तहको आर्थिक ऐन तथा अन्य प्रशासन सम्बन्धि प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदमा स्वतः खारेज हुनेछ ।
(२) कुनै कारणबश कोष सञ्चालन हुन नसकेमा कार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।
(३) कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पत्ति तथा दायित्व गाउँकार्यपालिका कार्यालयमा स्वतः सर्नेछ ।

## अनुसुची १
**(कार्यविधिको दफा ८ को उपदफा ८.१ सँग सम्बन्धित)**
**शहिद लखन गाउँपालिकासँग समपुरक अनुदान माग गर्ने निवेदन**

स्थानीय सझेदार निकाय (स्थानीय सामुदायिक संघसंस्था वा गैरसरकारी संस्था) को नाम :
फोन, फ्याक्स र इमेल :
कार्यक्रम वा आयोजनाको नाम :
आयोजना वा कार्यक्रमको प्राथमिकताक्रम (दफा ११ को उपदफा ११.१, ख मा उल्लेख भए बमोजिम) :
कार्यक्रम वा आयोजना सम्पन्न गर्ने समय :
कार्यक्रम वा आयोजनाबाट लाभान्वित संभाव्य जनसंख्या :
कार्यक्रम वा आयोजनाको कुल लागत :
कुल लागतमा साझेदार निकायको लागत सहभागिता अनुपात रकम :
गाउँपालिकाले व्यहोनुपर्ने रकम :
आवश्यक संलग्न कागजातहरु :
१................................................
२................................................
३................................................

दस्तखत :
नाम :
पद :
मिति :

द्रष्टव्य :आयोजना कार्यक्रम यस कार्यविधिको दफा ५ मा उल्लेखित विषय र क्षेत्रलाई ध्यान दिई प्रस्ताव गरिएको छ ।

**अनुसुची २**

**शहिद लखन गाउँपालिका भित्र वस्ती तथा बजारहरुलाई भौगोलिक विकास र बजारीकरणका आधारमा निम्नानुसार विभाजन गरिएको छ ।**

| क वर्ग | ख वर्ग | ग वर्ग |
|---|---|---|
| मनकामना बजार | कान्टारदेखि रामशाहघाट (३), त्रिवेणी (३), जुम्लीचौतारा (५), बास्कोट पिपलछाप (६), बतासे (६), खाब्दी (७), लाखेडाडा (७), बँदेलीडाडा (९), रामेश्वरी मा.वि. विद्यालय क्षेत्र (८), राम्चे देखि रामेश्वरी मा.वि. हुँदै मैलुङ सम्म (८) | बाँकी सबै |

द्रष्टव्य: समपुरक अनुदान प्रदान गरिने कार्यका लागि माथि उल्लिखित गरिएका क, ख, र ग बमोजिमका वर्गहरु क्रमश: बजारीकरण, बजारोन्मुख र ग्रामिण क्षेत्रको आधारमा छुट्याइएको छ ।

**अनुसूची ३**

**(कार्यविधिको दफा ८ को उपदफा ८.२ सँग सम्बन्धित)**

**लागत साझेदारीमा सञ्चालन गरिने कार्यक्रममा विकास साझेदार निकायको लगानी देहाय बमोजिम हुनेछ ।**

| परिच्छेद ११ दफा उपदफा ख बमोजिमका कार्यक्रमका क्षेत्रहरु | | अनुसुची २ बमोजिमका वर्गहरु | | |
|---|---|---|---|---|
| | | क | ख | ग |
| | १ | ३० | २५ | २० |
| | २ | ३२.५ | २७.५ | २२.५ |
| | ३ | ३५ | ३० | २५ |
| | ४ | ३७.५ | ३२.५ | २७.५ |
| | ५ | ४० | ३५ | ३० |
| | ६ | ४५ | ४० | ३५ |
| | | | | |

द्रष्टव्य:

१. समपुरक अनुदान प्रदान गरिने कार्यका लागि माथि उल्लिखित गरिएका क, ख र ग बमोजिमका वर्गहरु क्रमश: बजारीकरण, बजारोन्मुख र ग्रामिण क्षेत्रको आधारमा छुट्याइएको छ ।

२. क्रमश: क, ख र ग वर्गमा सचीकृत क्षेत्रले गाउँपालिकाले गर्ने कुल लगानीको अनुपातमा लगानी सुनिश्चित गर्नुपर्नेछ र दफा ८ उपदफा ८.१ को ख मा उल्लेख भए बमोजिमका आयोजना वा कार्यक्रमका प्राथमिकताका आधारमा साझेदारी रकम वृद्धि हुँदै जानेछ ।

आज्ञाले,

जीवन बहादुर आले मगर

प्रमुख प्रशासकीय अधिकृत